मिति २०८१।५।२७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थान: तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मिति: २०८१।५।२७ गते।

बैठक बसेको समय: दिउसो २.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामांङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री टंक बहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव | |

चन्द्रिका प्रधान, का-स.

मिति २०८१।५।२७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्वन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | नेपाल स्वास्थ्यको लागि पानी(नेवा) संस्था र यस पालिकावीचको साझेदारी कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा। | पूर्वाधार विकास शाखा |
| २. | तलवी प्रतिवेदन पारित गर्ने सम्वन्धमा । | आर्थिक प्रशासन शाखा |
| ३. | स्मृती भवन निर्माणको लागि सहयोग सम्वन्धमा । | आर्थिक प्रशासन शाखा |
| ४. | विविध | |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको नीति अनुसार विनियोजित बजेट बमोजिम नेवा संस्था र यस पालिकावीच साझेदारी कार्यक्रम सञ्चालन गर्दा आयोजनाको जम्मा लागतमध्ये गाउँपालिकाले अधिकतम २० प्रतिशत लागत व्यहोर्ने । साथै नेवावाट प्रस्तावित ५ (पाँच) पृष्ठको समझदारी पत्रमा उल्लेखित आयोजनाका लागि अनुमानित बजेट बमोजिम गाउँपालिकाले गर्नुपर्ने साझेदारीको सन्दर्भमा पालिकाले टेण्डर प्रकृयावाट लागत व्यहोर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा कार्यरत सम्पूर्ण स्थायी कर्मचारीहरुको आर्थिक वर्ष २०८१।०८२ को तलबी प्रतिवेदन पारित गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले उक्त तलबी प्रतिवेदन पारित गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुलीमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल निजामती कर्मचारी सङ्गठन, जिल्ला कार्य समिति सिन्धुलीको प.सं. २०८१।०८२, मिति २०८१।५।२३ को पत्र बमोजिम कमलामाई नगरपालिका वडा नं. ५ मधुटारमा शहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृती भवन निर्माणका लागि सहयोगार्थ यस पालिकामा अनुरोध भई आएकोले उक्त भवन निर्माण सहयोगार्थ रु ५० हजार नगद सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



CamScanner